भरतपुर महानगरपालिकाको सम्मानित पन्ध्रौं नगरसभा २०८१ साल असार १० गते सोमबार

महानगरपालिका उप - प्रमुख श्री चित्रसेन अधिकारीज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/ ८२ को
# बजेट वक्तव्य

भरतपुर महानगरपालिका

२०८१

**सभाका अध्यक्ष एवम् नगर प्रमुखज्यू,**
**नगर सभाका सदस्यज्यूहरू ।**

१. भरतपुर महानगरपालिकाको गरिमामय पन्ध्रौं नगर अधिवेशनमा महानगरपालिकाको उप प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. महानगरको आगामी सोच एवम् जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८१।८२ को नीतिलाई कार्यक्रम र बजेटमार्फत् व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम पन्ध्रौं नगर अधिवेशनमा आ.व. २०८१/८२ को आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महसुस गरेको छु ।

३. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघीय शासनपद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु ।

४. यो बजेटले महानगरपालिकाको जनअपेक्षालाई क्रमश: सम्बोधन गर्दै महानगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि, दिगो पूर्वाधार, नवप्रर्वतन एवं उद्यमशीलता तथा विपद् उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छ ।

५. **"मध्य नेपालको सुन्दर शहर: समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकास निर्माण तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी महानगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउन महानगरपालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु ।

६. नेपालको संविधान, संघीय तथा बागमती प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४; महानगरको अर्थ विधेयक,२०८१; विनियोजन विधेयक, २०८१; आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम, संघीय तथा बागमती प्रदेश सरकारको आ.व. २०८१/८२ का नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, महानगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ/संस्था एवं सरोकारवालाको सुझाव र महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ. व. २०८१/८२ को नीति तर्जुमा र सोको कार्यान्वयन गर्न अनुमानित आय र व्यय प्रस्तुत गरिएको छ ।

७. अव म महानगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु । चालु आ. व. २०८०।८१ को लागि कुल बजेट रु ६ अर्व ४८ करोड ७९ लाख ९० हजार (पूरक बजेट तथा असार पहिलो हप्तासम्मको थप अख्तियारी समेत) अनुमान गरिएको छ । जसमध्ये चालु शीर्षकमा रु २ अर्व ७२ करोड १४ लाख ६४ हजार विनियोजन भएकोमा मिति २०८१ असार पहिलो हप्तासम्म रु १ अर्व ९३ करोड ६८ लाख ४६ हजार अर्थात ७१ प्रतिशत र पुँजीगततर्फ रु ३ अर्व ७६ करोड ६५ लाख २६ हजार विनियोजन भएकोमा १ अर्व ३४ करोड ८५ लाख ७९ हजार अर्थात ३६ प्रतिशत गरी कुल खर्च जम्मा रु ३ अर्ब २८ करोड ५४ लाख अर्थात ५१ प्रतिशत भएको अवस्था छ ।

८. आन्तरिक आम्दानी तर्फ रु १ अर्व ७५ करोडको लक्ष्य रहेकोमा मिति २०८१ असार पहिलो हप्तासम्म रु १ अर्व १९ करोड २७ लाख अर्थात ६८ प्रतिशत आम्दानी भएको छ । साथै संघीय तथा बागमती प्रदेशबाट प्रक्षेपित समानिकरण अनुदान रु ३९ करोड र रु ४ करोड ५० लाखमा असार पहिलो हप्तासम्म क्रमश : रु २९ करोड २९ लाख र रु ४ करोड ५० लाख आम्दानी भएको छ ।

**९.** संघीय सरकारबाट राजस्व बाँडफाँड शीर्षकमा प्रक्षेपित रु ३० करोड ५८ लाख ४ हजार मध्ये असार पहिलो हप्तासम्म रु २३ करोड ७३ लाख तथा बागमती प्रदेशबाट प्रक्षेपित रु २४ करोड २२ लाख ११ हजार मध्ये असार पहिलो हप्तासम्म १७ करोड ६९ लाख प्राप्त भएको अवस्था छ ।

**१०.** २०८१ आषाढ मसान्तसम्म संशोधित अनुमानमा आन्तरिक आम्दानीतर्फ घरजग्गा रजिष्ट्रेसन शुल्क समेत गरी करीब रू. १ अर्व ५० करोड आम्दानी रहने अनुमान गरिएको छ । खर्चतर्फ चालु खर्च करीब रू २ अर्व ३५ करोड ५० लाख र पुँजीगत खर्चतर्फ करीब रू १ अर्ब ९४ करोड रहने संशोधित अनुमान छ ।

**११.** अब म आगामी आ.व. २०८१।८२ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क. उत्पादन वृद्धिमार्फत् आत्मनिर्भर महानगरपालिका
ख. गुणस्तरीय शिक्षा तथा स्थास्थ्यमा नगरबासीको पहुँच वृद्धि
ग. उत्पादनमूलक रोजगारी सिर्जना
घ. दिगो तथा वातारणमैत्री एवं विपद् उत्थानशील पूर्वाधार निर्माण
ङ. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोगमार्फत सुशासनको अनुभूति
च. नवप्रर्वतन तथा उद्यमशीलता प्रर्वद्धन

**१२.** आर्थिक वर्ष २०८१।८२ को बजेटका प्राथमिकताका क्षेत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. शहरी पूर्वाधार, भूउपयोग तथा वस्तिविकास र अधुरा योजनाहरुको निरन्तरता
२. कृषि तथा पशुविकास कार्यक्रम
३. शिक्षा विकास
४. नियमित सडक मर्मत सम्भार
५. स्वास्थ्य सेवा
६. वातावरण, सरसफाइ एवं हरियाली महानगरपालिका
७. सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग
८. रोजगार प्रर्वद्धन र उद्यमशीलता
९. पर्यटन तथा उद्योग र वाणिज्य तथा सहकारी
१०. युवा तथा खेलकुद विकास
११. लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण
१२. विपद् तथा प्रकोप कोष व्यवस्थापन
१३. राजस्व प्रशासन सुदृढिकरण
१४. कर्मचारी प्रशासन सशक्तीकरण तथा जनशक्ति विकास
१५. नीजि क्षेत्रसँग सहकार्य

उल्लिखित उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, बागमती प्रदेश सरकार, छिमेकी स्थानीय सरकार, निजी तथा सहकारीक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय टोलविकास संस्थासँग अधिकतम समन्वय एवं साझेदारी गरिनेछ ।

**सभाका अध्यक्ष एवम्**

**नगर सभाका सदस्यज्यूहरू,**

**१३.** अब म महानगरको आ.व. २०८१।८२ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१४.** महानगरपालिकाको आ.व. २०८१/८२ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रू. ६ अर्ब ५५ करोड ८५ लाख ९८ हजार रहेको छ । यसको लागि आन्तरिक आय रु १ अर्ब ८० करोड (घरजग्गा रजिष्ट्रेशन एवं खानी तथा खनिजजन्य पदार्थको वाँडफाँडबाट प्राप्त आय समेत), अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु २ अर्ब ४ करोड ६३ लाख ३१ हजार, संघ राजस्व बाँडफाँडबाट रु ३२ करोड ४७ लाख तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु २५ करोड ७५ लाख ६७ हजार गरी जम्मा रु ५८ करोड २२ लाख ६७ हजार, जनसहभागिता/ श्रमदानबाट रु ५० करोड, बैंक मौज्दात रु १ अर्ब ६० करोड, सडक बोर्ड नेपालबाट रु ३ करोड रहने प्रक्षेपण गरिएको छ ।

**१५.** सामाजिक सूरक्षा लगायत अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित रु १ अर्ब ३० करोड रहने प्रक्षेपण गरिएको छ । जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने छ ।

**१६.** अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन भएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु

**अधुरा तथा क्रमागत आयोजनाहरुको निरन्तरता**

**१७.** चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र क्रमागत एवं बहुवर्षीय ठेक्का भएका योजनाहरु समयमै सम्पन्न गर्नको लागि रु १ अर्ब ६० करोड बजेट विनियोजन गरिएको छ ।

**वडास्तरबाटै सम्पन्न हुने आयोजनाहरु**

**१८.** हरेक वडाको सन्तुलित विकासका लागि सम्बन्धित वडास्तरबाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ । यसरी कार्यान्वय हुने आयोजनाहरुको लागि प्रत्येक वडामा न्यूनतम र सुत्रमा आधारित गरी दुई प्रकारबाट वडास्तरीय सिलिङ निर्धारण गरिएको छ । यसरी न्यूनतम रु २ करोड ७४ लाख २८ हजार ५ सय ०१ र अधिकतम रु २ करोड ९० लाख २ हजार १ सय ३३ गरी जम्मा वडास्तरीय आयोजनाहरुमा रु ८२ करोड बजेट विनियोजन गरिएको छ ।

**सहरी पूर्वाधार, भूउपयोग तथा वस्ती विकास**

**१९.** महानगरपालिकाका ठुला तथा रणनीतिक महत्व तथा गौरवका पूर्वाधार निर्माण गर्न एवं संघीय र बागमती प्रदेश सकारबाट प्रस्ताव भएका समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरुको कार्यान्वयन गर्नको लागि समपुरक साझेदारी कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ जसको लागि रु १२ करोड बजेट विनियोजन गरिएको छ । साथै केरूङ्गा नाला सौन्दर्यीकरणको लागि सहरी विकास विभागबाट रकम विनियोजन भएकोमा नपुग रकम महानगरपालिकाको समपुरक साझेदारी कोषबाट स्रोत सुनिश्चितता गरिनेछ ।

**२०.** मेयर विपन्न आवास कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको छ साथै नगरभित्र सार्वजनिक शौचालयहरू निर्माण, फाउण्डेसन सहितको मेसजाली निर्माण, हरियालीसहितको नमूना सडक निर्माण, सिचाइ, कल्भर्ट, ग्राभेल, ह्युमपाइप खरिद, एक वडा, एक खुला व्यायमशालाको लगायतका शहरी सौन्दर्य र भूउपयोग तथा वस्ती विकाससम्बन्धी कार्यक्रम कार्यान्वय गर्नको लागि रु १४ करोड विनियोजन गरिएको छ ।

२१. दियालो बङ्गलामा पार्कसहित पर्यटकीय पूर्वाधार निर्माण गरी संग्रहालयका रूपमा सञ्चालनमा ल्याउनको लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

## कृषि तथा पशुविकास

२२. वैदेशिक रोजगारबाट फर्केकाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्नका लागि व्यवसायिक खेती गर्न कृषि उपकरण खरिदमा अनुदान, कृषि तथा पशु बीमा कार्यक्रमलाई निरन्तरता, कृषकको क्षमता अभिवृद्धि गर्ने तथा प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन लगायतका कृषि सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ६ करोड विनियोजन गरिएको छ।

२३. दुध उत्पादनमा दिइँदै आएको उत्पादनमा आधारित प्रतिलिटर रु ३/- अनुदान कार्यक्रमलाई निरन्तरता, पशु बीमा कार्यक्रम सञ्चालन, मत्स्यफर्महरूमा प्रयोग हुने विद्युत् महसुलमा पचास प्रतिशत अनुदान निरन्तरता लगायत पशुविकास कार्यक्रम कार्यान्वयन गर्न रु ७ करोड बजेट विनियोजन गरिएको छ।

## शिक्षा विकास

२४. कक्षागत र विषयगत शिक्षक व्यवस्थापनका लागि युवा स्वयम् सेवा कार्यक्रम, विपन्न, सीमान्तकृत, लोपोन्मुख र दलित समुदायका बालबालिकाहरूका लागि शैक्षिक प्रोत्साहन कार्यक्रम, माध्यमिक तहका विद्यार्थीका लागि पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

२५. ब्यवहारिक शुक्रबार कार्यक्रम सञ्चालन, विद्यार्थीसँग नगर प्रमुख कार्यक्रम, विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङ्गरोगनको लागि बजेट व्यवस्थापन गरिएको छ। साथै शिक्षामा पहुँच एवं गुणस्तर कायम गर्ने लगायतको शैक्षिक विकासको नीति  तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ११ करोड बजेट विनियोजन गरिएको छ।

२६. महानगर प्रज्ञा प्रतिष्ठानलाई महानगरपालिकाभित्र साहित्य, भाषा, कला र संस्कृतिको संरक्षण संवर्धन तथा अध्ययन, अनुसन्धानको रुपमा विकास गर्न बजेट विनियोजन गरिएको छ साथै कला र संस्कृतिको संवर्धनका लागि कला गृह (आर्ट ग्यालरी) निर्माण गर्न सम्भाव्यता अध्ययन रु ४ लाख बजेट विनियोजन गरिएको छ।

## नियमित मर्मत सम्भार

२७. महानगरपालिका भित्र सडक खाल्टाखुल्टी नियमित मर्मत संभार कार्यको लागि रु ५ करोड ७५ लाख बजेट विनियोजन गरिएको छ।

## स्वास्थ्य सेवा

२८. महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई भरतपुर अस्पतालबाट प्रदान गरिदैँ आएको नि:शुल्क ओपिडि टिकट अनुदानलाई निरन्तरता दिन बजेट विनियोजन गरिएको छ।

२९. समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम, सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई प्रदान गरिँदै आएको नि:शुल्क यातायात/एम्बुलेन्स खर्च प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता, आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिमा स्वास्थ्य प्रर्वद्धन लगायतका कार्यक्रम सञ्चालन गर्न रु ४ करोड विनियोजन गरिएको छ।

**खानेपानी, वातावरण सरसफाई तथा हरियाली प्रवर्द्धन**

३०. महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महशूल भुक्तानीमा निरन्तरताको लागि बजेट व्यवस्थापन गरिएको छ। साथै, एक वडा एक पार्क निर्माण कार्यलाई निरन्तरता, फोहोरको प्रभावकारी संकलन, ढुवानी तथा व्यवस्थापन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ।

**३१.** महानगरपालिकालाई हरियालीमैत्री बनाउन हरियाली महानगरपालिका कार्यक्रम तथा हरित नमूना सडक कार्यान्वयनमा ल्याउनको लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ।

**३२.** फोहोरमैलाको दीर्घकालीन समाधानको लागि ल्याण्डफिल साइट निर्माण गर्न आवश्यक जग्गा व्यवस्थापनको लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ।

**सूचना तथा प्रविधि एवं डिजिटल प्रणाली**

**३३.** नारायणी नदी किनार, बसपार्क र अन्य सार्वजनिक पार्कहरूमा वाइफाइ फ्रि (Wi Fi Free Zone) क्षेत्र कार्यान्वयनमा ल्याउनको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ। साथै स्थानीय लोक कल्याणकारी विज्ञापन नीतिलाई निरन्तरताको बजेट विनियोजन गरिएको छ।

**३४.** विद्युतिय हाजिरीलाई केन्द्रीकृत गर्ने, महानगरमा हाल प्रयोगमा आइसकेको अनलाइन राजस्व प्रणाली, अनलाइन पेमेन्ट, अनलाइन नक्सा प्रणाली, अनलाइन गुनासो ब्यवस्थापन, अनलाइन पञ्जीकरण, डिजिटल नागरिक बडापत्र, अनलाइन खरीद प्रणाली एवं डिजिटल योजना प्रणाली, बायोमेट्रिक हाजिरी लगायतको कार्यक्रम कार्यान्वयन गर्न रु १ करोड विनियोजन गरिएको छ।

**रोजगार प्रर्वद्धन तथा उद्यमशीलाता विकास**

**३५.** मागमा आधारित सीपमूलक तालिम, उद्यमशीलता बिकास सहयोग कार्यक्रम, युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न बीउपूँजी अनुदान, क्षमता विकास, प्रविधि हस्तान्तरण, लगायतको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु १ करोड ५० लाख बिनियोजन गरिएको छ।

**पर्यटन तथा उद्योग वाणिज्य तथा सहकारी**

**३६.** भरतपुर–पोखरा- लुम्बिनी (गोल्डेन ट्रयांगल ) पर्यटन प्रवर्द्धन कार्यक्रम, पहाडी तथा आदिवासी जनजाति, पिछडा वर्ग आदिको भाषा, लिपि, बाजागाजा, रीतिरिवाज, परम्परा, संस्कृति, चाडपर्व, मेला-महोत्सव आदिको संरक्षण कार्यक्रम, सहकारी शिक्षा तथा तालिम सहकारी सघन अनुगमन लगायतका पर्यटन तथा उद्योग बाणिज्य एवं सहकारी सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १ करोड ६५ लाख बजेट विनियोजन गरिएको छ।

**युवा तथा खेलकुद**

**३७.** युवासँग उपमेयर उद्यमशीलता कार्यक्रम, कुलत र दुर्व्यसन नियन्त्रण लगायतका विषयमा परामर्श र क्षमता विकासका कार्यक्रम, युवामा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन, विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्डका अतिरिक्त मेयर कप तथा उपमेयरकप खेलकुद प्रतियोगिता सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

**३८.** सामुदायिक विद्यालयलाई खेल सामग्री व्यवस्थापनका लागि उपलब्ध गराइँदै आएको अनुदानलाई निरन्तरता

दिने, युवा स्वयंसेवक खेल प्रशिक्षक कार्यक्रमलाई विस्तार अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने महानगरबासी खेलाडीलाई पुरस्कार तथा सम्मान प्रदान लगायतका युवा तथा खेलकुदतर्फका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु २ करोड २५ लाख बजेट विनियोजन गरिएको छ ।

३९. गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको अधुरो कार्य पुरा गर्नको लागि संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी र सहकार्य गरिनेछ जसको लागि रु ४ करोड ३० लाख विनियोजन गरिएको छ ।

### लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

४०. छोरी बीमा कार्यक्रम, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन तथा सबै प्रकारका आन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारका लागि प्रदान गरिँदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिनको लागि बजेट व्यवस्थापन गरिएको छ ।

४१. महानगरको लैङ्गिक तथा सामाजिक समावेसी नीति बनाई कार्यान्वयनमा ल्याइने छ। **"एक वडा: एक जेष्ठ नागरिक विश्रामस्थल"** कार्यक्रमलाई निरन्तरता दिदै वडाहरूमा जेष्ठ नागरिक विश्रामस्थल निर्माण र सञ्चालन गरी ज्येष्ठ नागरिकलाई सहज र सम्मानपूर्ण जीवनयापन गर्न प्रोत्साहित गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

### विपद् व्यवस्थापन

४२. महानगरपालिकाको विपद् जोखिम नक्साङ्कन, आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास गरी स्वयंसेवक परिचालन, विपद् सामग्री खरीद, भण्डारण, जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरु गर्न एकमुष्ठ रु ५५ लाख १४ हजार तथा विपद तथा प्रकोप व्यवस्थापन कोषमा रु १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ ।

### राजस्व प्रशासन सञ्चालन

४३. भरतपुर महानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, महानगरपालिकाको आन्तरिक राजस्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ८० लाख बजेट विनियोजन गरिएको छ ।

### कर्मचारी प्रशासन,जनशक्ति विकास तथा सुशासन

४४. जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम सञ्चालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ८० लाख बजेट विनियोजन गरिएको छ ।

### निजी क्षेत्र तथा विकास सहयात्रीसँग सहकार्य

४५. निजी क्षेत्रसँग सहकार्य तथा सार्वजनिक नीजि साझेदारीबाट कार्यान्वयन हुने परियोजनाहरुको सम्भाव्यता अध्ययन, डी पि आर तयार एवम् सार्वजनिक निजि साझेदारी परियोजना बैंक विद्युतिय पोर्टल लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ ।

**सेवा प्रवाह**

४६. उच्च मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूति गर्ने हुँदा कर्मचारीको क्षमता अभिबृद्धि गर्ने, विगत नवौं नगरसभाबाट कर्मचारी प्रोत्साहन सुविधालाई यथावत राखिनुका साथै महानगरपालिकाको समग्र प्रशासनिक कार्यको लागि एकमुष्ठ रु ८५ करोड बजेट विनियोजन गरिएको छ।

४७. मागमा आधारित लक्षित वर्ग कार्यक्रम तथा सामाजिक उत्थान क्षेत्रको समग्र नीति कार्यान्वयन गर्नको लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ।

४८. संघीय तथा बागमती प्रदेश सरकाबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखाङ्कनको व्यवस्था गरिने छ।

४९. महानगरपालिकाले देशभित्र भगिनी सम्बन्ध कायम गरेका स्थानीय तहसँग शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्ने कार्यको लागि पालिका साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ जसको लागि रु ४० लाख बजेट विनियोजन गरिएको छ।

५०. विगतमा नगरविकाष कोषबाट लिईएको ऋणको सावा तथा व्याज भुक्तानी गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रगंशाला रहेको जग्गाको लीज रकम भुक्तानीको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५१. महानगरबासीलाई सुरक्षाको प्रत्याभुति दिलाउनको लागि महानगरपालिकाको महत्वपूर्ण स्थानमा सि.सि. क्यामेरा जडानकार्यको लागि रु ८ करोड बजेट विनियोजन गरिएको छ।

५२. महानगरपालिकाको प्रशासनिक भवन निर्माण तथा ईन्टेरियरको काम गर्नको लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ।

५३. हरियाली महानगरपालिका कार्यक्रमको लागि महानगरपालिकाको आफ्नै नर्सरी स्थापना गरी सञ्चालन गर्न रु १ करोड बजेट विनियोजन गरिएको छ।

**अन्तमा,**

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिकदलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी तथा अहोरात्र खटिने महानगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु।

धन्यवाद !

**चित्रसेन अधिकारी**

उपप्रमुख

भरतपुर महानगरपालिका भरतपुर, चितवन

मिति २०८१ असार १० गते सोमबार।